आज मिति २०७९ साल भाद्र ३० गते दिनको १२ : १५ बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७९/०८० को दोश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रसतावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री मोतिम आलम | सचिव, नि.प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | रनविर वुढा | प्रशासन अधिकृत (छैठौं) | |
| २ | रेकम पोखेल | लेखापाल | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |

नि. प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) जिल्ला सभाको नाममा रहेको जग्गा हस्तान्तरणका लागी जिल्ला सभा समक्ष माग गर्ने सम्बन्धमा ।
२) प्रधानमन्त्री रोजगार कार्यक्रमको वेरोजगार व्यक्ति छनौट सम्बन्धमा ।
३) समिति गठन सम्बन्धमा ।
४) सामुदायिक सिकाई केन्द्रका परिचालिका सम्बन्धमा ।
५) लागत साझेदारी (श्रमदान) सम्बन्धमा ।
६) दलित आयोगलाई सिफारिस गर्ने सम्बन्धमा ।
७) घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।
८) झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।
९) मिलन केन्द्र स्थापना सम्बन्धमा ।
१०) घर भाडा वृद्धि सम्बन्धमा ।
११) कार्यालय सहयोगी सम्बन्धमा ।
१२) फोहोर व्यवस्थापन सम्बन्धमा ।
१३) ट्राफिक व्यवस्थापन सम्बन्धमा ।
१४) घर टहरा सम्ब्धमा ।
१५) करार कर्मचारी ह्यान चेक सहित विदाई सम्बन्धमा ।
१६) विविध छलफल सम्बन्धमा ।

## २०७९ भाद्र ३० गते बसेको दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | जिल्ला सभाको नाममा रहेको जग्गा हस्तान्तरणका लागी जिल्ला सभा समक्ष माग गर्ने सम्बन्धमा । | जिल्ला सभाको नाम रहेको जग्गा प्रासिका लागि जिल्ला सभा समक्ष सिफारिस गर्ने । | यस गाउँपालिका अन्तर्गत वडा नं. ४ सेवा केन्द्रमा गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधिन अवस्थामा रहेको र उक्त जग्गा जिल्ला सभाको नाममा रहेको हुदाँ जग्गा प्रासिका लागि "जिल्ला सभाको नाममा रहेको जग्गा तथा भवनको हक हस्तान्तरणको सिफारिस सम्बन्धी मापदण्ड, २०७८" बमोजिम जिल्ला सभा समक्ष जग्गा हस्तान्तरणका लागि अनुरोध गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

मणिराम बुढाथोकी
अध्यक्ष

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रमको वेरोजगार व्यक्ति छनौट सम्बन्धमा । | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सवै वडाहरुमा सुचिकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकताका आधारमा छनौट गरि काममा लगाउन आवश्यक रहेको । | चालु आ.व.मा यस गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित योजना कार्यान्वयनका लागि सूचिकृत वेरोजगारीहरुलाई रोजगार प्रदान गर्नको निम्ती Software को प्राथमिकीकरण सूची अनुसार वेरोजगार व्यक्तिको छनौट गर्दा व्यवहारिक नदेखिएकोले वडा अनुसारको छुट्टाछुट्टै प्राथमिकिकरण सूची निकाली उक्त सूचीलाई पून: अध्यावधिक गरी वडाबाट सिफारिस गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | समिति गठन सम्बन्धमा । | यस गाउँपालिकालाई आवश्यक पर्ने समितिहरु गठन गर्न आवश्यक रहेको । | यस गाउँपालिकालाई आवश्यक पर्ने तपशिल बमोजिमका समितिहरुमा तपशिल बमोजिमका पदाधिकारीहरु रहने गरी समिति गठन गर्ने र समितिहरुबाट तत्काल आफ्नो कार्यहरुलाई अगाडि बढाउने ।<br><u>तपशिल</u><br>१) स्थानीय भूउपयोग परिषद्को कार्यमा सहयोग गर्ने भूउपयोग कार्यान्वयन समिति<br>क) मणिराम वुढाथोकी अध्यक्ष<br>ख) सवै वडा अध्यक्ष सदस्य<br>ग) कृषि, वन, भूमि, सहरी विकास र भौतिक पूर्वाधार शाखा प्रमुख सदस्य<br>घ) रितादेवी थापा सदस्य<br>ङ) अनिता थापा सदस्य<br>च) तुलसी सुनार सदस्य<br>छ) नेमलाल दमाई सदस्य<br>ज) दिनेश पौडेल सदस्य सचिव<br>२) बाल संरक्षण कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को दफा ८ को उपदफा २(ङ) मा इन्द्रा रोकामगरलाई सदस्यमा तोक्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नि. प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | सामुदायिक सिकाई केन्द्रका परिचालिका सम्बन्धमा । | यस गाउँपालिका भित्र रहेका सामुदायिक सिकाई केन्द्रका परिचालिकाहरुको जिम्मेवारी सम्बन्धमा । | गाउँपालिका भित्र रहेका सामुदायिक सिकाई केन्द्रमा कार्यरत परिचालिकाहरुलाई केन्द्रको जिम्मेवारी सहित थप जिम्मेवारी सहित तपशिल बमोजिमको विद्यालयहरुमा पठनपाठनका लागी खटाउने ।<br><u>तपशिल</u><br>१) रातामाटा सामुदायिक अध्ययन केन्द्र घोडागाउँमा कार्यरत परिचालिकालाई श्री रामेश्वरी माध्यामिक विद्यालय घोडागाउँ ।<br>२) त्रिपुरासुन्दरी सामुदायिक अध्ययन केन्द्र खुंग्रीमा कार्यरत परिचालिकालाई श्री त्रिपुरेश्वरी मावि खुंग्री ।<br>३) शुभप्रभात सामुदायिक अध्ययन केन्द्र मिझिङमा कार्यरत परिचालिकालाई श्री चन्द्रप्रभा मावि मिझिङ ।<br>४) गजुल सामुदायिक अध्ययन केन्द्र गजुलमा कार्यरत परिचालिकालाई श्री जनोद्धार प्रावि गजुलकोट ।<br>५) चिस्पाधारा सामुदायिक अध्ययन केन्द्र तेबाङमा कार्यरत परिचालिकालाई श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय तेबाङ ।<br>६) क्षितिज विस्तार सामुदायिक अध्ययन केन्द्र अरेशमा कार्यरत परिचालिकालाई श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय अरेशमा खटाउने । | "पेश भएं बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | लागत साझेदारी (श्रमदान) सम्बन्धमा । | गाउँपालिकाबाट सञ्चालित योजनाहरुको लागत साझेदारी (श्रमादन)लाई प्रभावकारी बनाउन आवश्यक रहेको । | यस गाउँपालिकाले उपभोक्ताबाट सञ्चालन गर्ने आयोजनाहरुमा कुल रकमको १० प्रतिशत हुन आउने रकम बैंकं दाखिला गर्नुपर्ने प्रावधानलाई हटाइ अनिवार्य १० प्रतिशत उपभोक्ताबाट श्रमदान गर्नुपर्ने । | "पेश भएं बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नि. प्रमुख प्रशासकीय अधिकृत

[illegible]
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ६ | दलित आयोगलाई सिफारिस गर्ने सम्बन्धमा । | दलित समुदायको पहिचानको सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी दलित समुदायको जात/थर सूचीकरण कार्यलाई अद्यावधिक गर्न आवश्यक रहेको । | राष्ट्रिय दलित आयोग प.सं. २०७९/०८०, च.नं. ५२, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७९/०८०, च.नं. २७, मिति २०७९/०५/०६ को प्राप्त पत्रानुसार दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी दलित समुदायको जात/थर सूचीकरण कार्यलाई अद्यावधिकका लागि प्राप्त पत्रानुसार यस गाउँपालिकाद्वारा मिति २०७९/०५/१२ गते आयोजित सम्बन्धित सरोकारवालाहरुसंगको छलफलबाट दलित जातीय अनुसूची विवरणमा सूचीकृत हुन छुटेका जात/थरलाई समावेश गर्न थप भएका जात/थरलाई सूचिकृतका लागि राष्ट्रिय दलित आयोगमा सिफारिस गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | घर नक्सा अभिलेखिकरण सम्बन्धमा । | गाउँपालिका भित्र रहेका घरहरको अभिलेखिकरण गर्न आवश्यक देखिएको । | गाउँपालिका भित्र रहेका घरहरुको अभिलेखिकरण लागि घरधनीहरुबाट माग भई आएकोले मिति २०७९ चैत्र मसान्त सम्म अभिलेखिकरण कार्य सुचारु गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ८ | झोलुङ्गे पुल निर्माण सम्बन्धमा । | झोलुङ्गे पुल निर्माण प्रकृया अगाडी बढाउनु पर्ने । | यस गाउँपालिका अन्तर्गत घोडागाउँ-खुंग्री जोड्ने ४८१ मिटरको झोपु र राङकोट-देविस्थान जोड्ने ५४६.६ मिटरको झोपु तत्काल निर्माण कार्य अगाडि बढाउनका श्री सस्पेन्सन ब्रिज डिभिजन, श्रीमहल पुल्चोक, ललितपुरलाई अनुरोध गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ९ | मिलन केन्द्र स्थापना सम्बन्धमा । | गाउँपालिकाका सबै वडाहरुमा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्न आवश्यक रहेको । | यस गाउँपालिका वडा नं. २ मा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नि. प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १० | घर भाडा वृद्धि सम्बन्धमा । | यस गाउँपालिकाले प्रशासनीक प्रयोजनका लागि लिएको भवनको घरभाडा वृद्धिलाई अनुमोदन गर्न आवश्यक रहेको । | यस गाउँपालिकाको प्रशासनीक प्रयोजनाका लागि लिइएको भवन घरभाडा वृद्धि गर्न घरधनीबाट माग भई आएको र मिति २०७९/०५/०९ गते घरभाडा निर्धारण समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री नवराज सापकोटाज्यूको अध्यक्षतामा बसेको बैठकबाट साविक भुक्तानी हुदै आएको घर भाडा रु १,२७,५००।- मा १०% रकम वृद्धि गर्ने निर्णयलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ११ | कार्यालय सहयोगी सम्बन्धमा । | गाउँपालिका भित्र सञ्चालित कार्यालयहरुमा रिक्त कार्यालय सहयोगीहरु नियुक्त गर्न आवश्यक रहेको । | गाउँपालिका भित्रका कार्यालयहरुमा रिक्त रहेको कार्यालय सहयोगीहरु नियुक्तिका लागि वडा समितिबाट सिफारिस भई आएका व्यक्तिहरुलाई दैनिक ज्यालादारीमा नियुक्ति गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १२ | फोहोर व्यवस्थापन सम्बन्धमा । | गाउँपालिका बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्न आवश्यक रहेको । | बजार क्षेत्रमा दुरगन्धीत हुने गरी भएको फोहोरलाई व्यवस्थापनलाई तत्काल कार्य अगाडी बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १३ | ट्राफिक व्यवस्थापन सम्बन्धमा । | ट्राफिक व्यवस्थापन गर्न आवश्यक रहेको । | बजार क्षेत्रमा अव्यवस्थीतरुपमा पार्कींङ गरि राखिएका गाडिहरुलाई व्यवस्थापन गर्नका लागि गाउँपालिकाले बैकल्पिक पार्कीङको व्यवस्था गरि ट्राफिक व्यवस्थापनलाई व्यवस्थित गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १४ | घर टहरा सम्ब्धमा । | बजार क्षेत्रमा रहेका घर टहरा व्यवस्थापन गर्न आवश्यक रहेको । | गाउँपालिका बजारक्षेत्र भित्र रहेका घर टहराहरुलाई व्यवस्थापन प्रकृयालाई अगाडि बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १५ | करार कर्मचारी ह्यान चेक सहित विदाई सम्बन्धमा । | करार कर्मचारीहरुलाई ह्यान चेक सहित विदाई गर्न आवश्यक रहेको । | साविकको गा.वि.स. र हाल यस गाउँपालिकामा अविछिन्नरुपमा न्यूनतम १० बर्षसम्म सेवा गरेका करारका कर्मचारीहरुले अनिवार्य अवकास लिएमा १० देखि १५ वर्षसम्म कामकाज गरेका कर्मचारीहरुलाई १ बर्ष बराबर र १५ बर्ष देखि माथि कामकाज गरेका कर्मचारीहरुलाई १८ महिना बराबर खाइपाइ आएको तलव भत्ता बराबरको रकम भुक्तानी गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| १६ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) जग्गा भाडामा लिने सम्बन्धमा । | क) बैकल्पिक गाडि पार्कीङका लागि यस गाउँपालिका वडा नं. ४ अवस्थित फगामखोला दोभान निर रहेको भुपनारायण घर्तीमागर, बालाराम घर्तीमगर, रामबहादुर घर्तीमगर र निमबहादुर घर्तीमगरको नाममा दर्ता श्रेष्ता रहेको जग्गा ५ बर्षसम्मका लागि मासिक १७ हजारका दरले भाडा उपलब्ध गराउने गरी भाडामा लिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) बाल कल्याण अधिकारी सम्बन्धमा । | ख) गाउँपालिकालाई बाल कल्याण अधिकारी आवश्यक रहेको हुदाँ बाल कल्याण अधिकारी व्यवस्थापनका लागि कार्यालयलाई जिम्मा दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ग) शिक्षक काज फिर्ता सम्बन्धमा । | ग) यस अघि विद्यार्थी कम रहेको विद्यालयहरुबाट काज सरुवा गरी अन्य विद्यालयमा पठनपाठन गर्न खटाइएका शिक्षकहरुलाई आवश्यकताका आधारमा काज फिर्ता गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

मणिराम बुढाथोकी
अध्यक्ष

नि. प्रमुख प्रशासकीय अधिकृत